# स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.स.: २०८०/०८१

च.न.:

मिति :२०८१।०१।१८

ने.स:११४४ चौलागा षष्ठी-२१

**विषय: कर्मचारी आवश्यकता सम्बन्धी सूचना।**

(प्रथमपटक प्रकाशित २०८१/०१/१८ गते)

यस तारकेश्वर गाउँपालिका कार्यालयको मिति २०८१/०१/१८ को निर्णयअनुसार यस कार्यालयका लागि तपशिल बमोजिमको पदहरुमा तारकेश्वर गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७५ बमोजिम खुल्ला प्रतियोगितात्मक परिक्षाबाट सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकाले प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस तारकेश्वर गाउँपालिकाको कार्यालयमा तोकिएको योग्यता पुगेका इच्छुक उमेद्वारबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.स | विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | १७/०८०-८१ | अ.हे.ब. (सहायक चौथो) | १ जना | तारकेश्वर गाउँपालिका | |
| २. | १८/०८०-८१ | अ.न.मी (सहायक चौथो) | १ जना | तारकेश्वर गाउँपालिका | |

**आवश्यक न्यूनतम योग्यताः**

- अ.हे.ब. पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. वा सो सरह उतिर्ण गरेको।
- अ.न.मी पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट ए.एन.एम. वा सो सरह उतिर्ण गरेको।

**परिक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता।

**संलग्न हुनुपर्ने कागजातः** निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, काउन्सिल दर्ता प्रमाण पत्र, ३ प्रति पासपोर्ट आकारको फोटो, कामको अनुभव भए सोको विवरण खुलेका कागजातहरु (अ.न.मी को हकमा SBA तालिम प्राप्तलाई विशेष प्राथमिकता दिईनेछ)।

**आवेदकको उमेर हदः** १८ वर्ष पुरा गरि ३५ वर्ष ननाघेको (महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा ४० वर्ष ननाघेको)।

**दरखास्त दिने अन्तिम मितिः** २०८१/०२/०१ गतेसम्म।

**दरखास्त शुल्क :** अ.हे.ब. (सहायक चौथो), अ.न.मी (सहायक चौथो) को रु ४००/- (चार सय) मात्र यस कार्यालयको हिमालयन बैंक लि. तारकेश्वर शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०५८०७५९४२८००९८ मा जम्मा गरी सोको सक्कली भौचर बुझाउनु पर्नेछ वा तोकिएको दस्तुर तिरी कार्यालयवाट नगदी रसिद समेत पेश गर्न सकिनेछ।

**दरखास्त दिने स्थानः** तारकेश्वर गाउँपालिकाको कार्यालय, Online बाट दरखास्त दिनेहरुले दरखास्त फारम यस गाउँपालिकाको Website: www.tarakeshwormunnuwakot.gov.np बाट Download गरी यस गाउँपालिकाको हिमालयन वैङ्क लि. तारकेश्वर शाखामा रहेको तारकेश्वर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा दस्तुर जम्मा गरी स्क्यान गरी ittarakeshwormun@gmail.com मा Email पठाउन सकिनेछ।

२०८१।१।१८

गिमन थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

Website : www.tarakeshwormunnuwakot.gov.np
वेबसाइट : www.tarakeshwormunnuwakot.gov.np
Email : ittarakeshwormun@gmail.com
इमेल: ittarakeshwormun@gmail.com
Phone: 010630001-630002
फोन नं. : ०१०६३०००१-६३०००२